नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकार मन्त्रिपरिषद्‌बाट समयसमयमा भएका आदेश र सम्माननीय प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधन गर्दा दिनुभएको निर्देशनको कार्यान्वयनको समिक्षा गर्न आज मिति २०७८/१/२२ गते नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा बसेको कोभिड सहजीकरणको बैठकले गरेको सिफारिसका आधारमा माननीय उपप्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकले निर्देश गरे अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि निर्णय कार्यान्वयन गर्ने जिम्मेवार निकाय, सहयोगी निकाय र समयसीमा तोकी कार्ययोजना तयार गरी सम्बन्धित निकायमा कार्यान्वयनको लागि पठाइसकिएको छ।

उक्त कार्ययोजनमा अस्पतालहरूको क्षमता, बिरामी संख्या, उपचारको प्रकृति, आई.सी.यु. , शैय्या र भौगोलिक सन्तुलनका आधारमा मापदण्ड तयार गर्ने, अक्सिजन आपूर्ति गर्न अक्सिजन उद्योग र अस्पताल बीच सम्बन्ध स्थापित गर्ने, आवश्यकता अनुसार अस्पतालहरूलाई अक्सिजन उद्योग डेडिकेटेड गर्ने र अक्सिजन उद्योगहरूको अनुगमन गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने लगायतका विषयहरू समेटिएको छ। सो कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको वेबसाइटमा समेत राखिएको छ।

गृह मन्त्रालयबाट प्राप्त तथ्यांकअनुसार हाल मुलुकभर कोभिड संक्रमितहरूको उपचारको लागि ४७२ अस्पताल, १९,८८२ बेड, १७१४ आई.सि.यु, ६९२ भेन्टिलेटर रहेको छ। अक्सिजनको उपलब्धताको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार ३१ बटा अस्पतालमा आफ्नै अक्सिजन प्लान्ट भएकोले ती अक्सिजन प्लान्टबाट दैनिक २५४९ अक्सिजन सिलिन्डर भर्न सकिने अवस्था रहेको, तीन वटा अस्पतालमा तरल अक्सिजन भर्न सकिने ट्याङ्क उपलब्ध भएको, स्वास्थ्य संस्थाहरूमा सेवा लिनका लागि प्रयोग भइरहेको अक्सिजन सिलिन्डरको सङ्ख्या ६२८८ रहेको र सामान्यत दैनिक रुपमा अक्सिजन खपत दर १४११.५ लिटर रहेको छ।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपालमा उपलब्ध नभएका, तत्कालै खरिद गर्नुपर्ने औषधी, स्वास्थ्य सामग्री र उपकरण विदेशबाट खरिद, प्राप्ति र आयात गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट प्राथमिकताका साथ निरन्तर आवश्यक पहल भइरहेको छ।

ढाकास्थित बेक्सिमको फार्मा मार्फत आई.एफ.आई.सी. र नेपाल बंगलादेश बैंकले नेपालमा कोभिड १९ बाट संक्रमितहरूको उपचारार्थ (5000 vials- 100 mg IV injection) रेम्डेसिभिरको नि:शुल्क उपलब्ध गराउने बारेमा परराष्ट्र मन्त्रालयले पहल गरिरहेको अवस्था छ।

चीन सरकारले अनुदान स्वरुप नेपाललाई उपलब्ध गराउने पाँच मिलियन (चिनीयाँ मुद्रा) को स्वास्थ्य सामग्री एवं उपकरण सहायता ल्हासा आइपुगेको जानकारी परराष्ट्र मन्त्रालयमार्फत प्राप्त भएको छ। महामारीको रुपमा फैलिरहेको कोभिड- १९ को रोकथाम तथा नियन्त्रण र उपचार पद्वतिलाई थप सुदृढ एवम् प्रभावकारी बनाउन यस विषम परिस्थितिमा सबैले यस विरुद्ध लड्न सक्ने साहस, धैर्य र आत्मबल कायम राखी एकजुट हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बद्ध सबैमा हार्दिक अपील गर्दछ।

२०७८ वैशाख २२

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np